गाउँसभाका आदरणीय अध्यक्षज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

1. लोकतन्त्रको सार स्वशासनलाई मूर्तरुप दिन नेपाली जनताको हातबाट निर्मित नेपालको संविधानले राज्य प्रणालीलाई संघीय ढाँचामा रुपान्तरण गरेको छ । जनताले चाहना गरेको तथा संविधानले आत्मसात गरेको संघीय शासन प्रणाली अनुरुप हाम्रो सरकार लोकतन्त्रको लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी दिगो विकासको यात्रामा प्रवेश गरेका छ । स्थानीय सरकारको तर्फबाट आर्थिक वर्ष २०७६/७७ को वजेट यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवको महशुस गरेको छु ।
2. यस महत्वपूर्ण अवसरमा म सर्वप्रथम राष्ट्रहित,लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन,सशस्त्र सङघर्ष,त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीहरु तथा बेपत्ता र पीडित नागरिकहरु प्रति स्थानीय सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।
3. संघ,प्रदेश र स्थानीय तहवीचको सहकारिता,सहअस्तित्व र समन्वय लाई प्रवर्दन गर्दै जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गरी सिंहदरवार गाउँमै आएको अनुभूति जनतालाई दिनुपर्ने अवसर,दायित्व र चुनौती हामी मांझ आएको छ ।
4. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष सम्म हासिल भएका उपलव्धिहरु संस्थागत गर्दै जनप्रतिनिधमूलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा,चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै समाजवाद उन्मुख उदीयमान गाउँपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु ।
5. बजेट तर्जुमा गर्दा मैले मूलत:नेपालको संविधान र कानूनहरु,नेपाल सरकार तथा प्रदेश सरकारकोन नीति,कार्यक्रम तथा बजेट वक्तव्य, विनियोजन विधेयक,२०७६को सिद्धान्त र प्राथमिकता, निर्मित विविध कानुनहरु,गाउँकार्यपालिका निर्णयहरु तथा दीगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु ।साथै, विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएकोछु ।
6. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँटलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै,यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।
7. अनुप्पादक तथा अनावश्यक खर्च घटाउने,पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेकोछु । साथै कार्यक्रमको छनौट,साधन स्रोतको बाँडफाँट र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता,स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएकोछु ।

8. समाजवादउन्मुख अर्थतन्त्रको निर्माण,परिपूरक कानुन तर्जुमा,भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन,आन्तरिक स्रोतको आधार विस्तार,उत्पादन र उत्पादकत्व बृद्धि,आयोजनाको प्राथमिकीकरण,असल शासन प्रवर्दन र अन्तरसरकारी समन्वय हाम्रो सरकारको प्रमुख चुनौती रहेका छन् ।

सभाका अध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

9. अव म आगामी आर्थिक वर्ष २०७६/७७ को वजेटका उद्श्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।बजेटका उद्श्यहरु निम्न अनुसार रहेका छन् ।

1) जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु,
2) लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्नु,
3) कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,
4) स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु,
5) स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।

10. आगामी आर्थिक वर्षको बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

1) सडक तथा पुल (झोलुङ्गे पुल समेत),सिंचाई,भवन तथा शहरी विकास,उर्जा,लघु तथा साना जलविधुत,सञ्चार क्षेत्रको विकास मार्फत पूर्वाधार विकास,
2) कृषि,पर्यटन,उद्योग तथा वाणिज्य,सहकारी,वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास ,
3) शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई,संस्कृति प्रबद्रधन,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को विकास मार्फत सामाजिक विकास,
4) वन,वातावरण तथा विपद् व्यवस्थापन, र
5) सुशासन तथा संस्थागत विकास

सभाका अध्यक्ष महोदय,

सभाका सदस्यज्यूहरु,

अव म चालु आर्थिक वर्ष २०७५/७६ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

11. चालु आर्थिक वर्षमा रु ३१ लाख राजस्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्त सम्म अनुमानित आन्तरिक आयको प्रक्षेपण अनुरुप राजस्व संकलन भै सकेको छ । त्यसैगरी चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु ४ करोड ८८ लाख पच्चीस हजार र संघीय राजस्व बाँडफाँडबाट रु ३ करोड ५४ लाख ७३ हजार नौ सय विस रुपैया आय प्राप्त भएको छ । त्यस्तै प्रदेश वित्तिय समानीकरण अनुदानवापत रु ५५ लाख ६९ हजार पाँच सय आय प्राप्त भएको छ । प्रदेश राजस्व बाँडफाँड बाट प्राप्त हुने आय ज्येष्ठ मसान्त सम्म प्राप्त हुन आएको छैन ।

12. चालु आर्थिक वर्षको सशर्त अनुदान तर्फ रु ८ करोड ४५ लाख ९० हजार दुई सय पचास रुपैया प्राप्त भएको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता बापत रु ४ करोड ३३ लाख  असी हजार रुपैया प्राप्त भएको छ ।

13. अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त झोलुङ्गे पुल निर्माण तर्फ रु ६९ लाख,स्थानीय पूर्वाधार विकास कार्यक्रम तर्फ रु १९ लाख ८० हजार,प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु ३३ लाख ९९ हजार,समाजिक कल्याण ज्येष्ठ नागरिक तर्फ रु १० लाख, सार्वजनिक निर्माण तर्फ रु २५ लाख, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु ३ लाख पाँच हजार पाँच हजार र गरिव संग विश्वेश्वर कार्यक्रम तर्फ रु ३ लाख ९४ हजार रुपैयाको सिधै अख्तियारी प्राप्त भएको छ । यस्ता कार्यक्रमको लागि प्राप्त भएको रकमको प्रतिवेदन सिधै नेपाल सरकारमा पठाउने गरी अख्तियारी प्राप्त भएकाले स्थानीय सरकारको बजेट प्रणालीमा समावेश गरिएको छैन ।
14. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्त सम्म चालु खर्च रु १४ करोड ४५ लाख ३१ हजार ९६१ तथा पूँजीगत खर्च रु ४ करोड ७७ लाख ४२ हजार ७७७गरी जम्मा १९ करोड १६ लाख ९० हजार ७३८ व्यय भएको छ । आर्थिक वर्ष २०७४/७५को राजस्व र व्ययको यथार्थ विवरण ,ज्येष्ठ मसान्त सम्मको आर्थिक वर्ष २०७५/७६ को आय तथा व्यय विवरण तथा संशोधित अनुमान र आर्थिक वर्ष २०७६/७७ को अनुमानित आयव्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

सभाध्याक्ष महोदय,

सभाका सदस्य ज्यूहरु,

अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

<u>सडक पूर्वाधार</u>

15. भौगोलिक आवद्धता कायम गर्न,कृषि तथा उद्योग व्यवसायको विकास गर्न,जनजीवन सहज गर्न,र उच्च आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी सडक क्षेत्रमा उल्लेख्य रुपमा बजेट विनियोजन गरेको छु । गाउँपालिका भित्रका गाउँवस्तीमा सहज आवागमनका लागि यथाशक्य छिटो समयवधिमा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गर्ने नीति लिएको छु ।
16. गाउँपालिकाको गौरवको योजनाको रुपमा कोटगाउँ रायखोर सडक र दग्नाम चिमखोला मोटर बाटो निर्माण आयोजनालाई प्राथमिकतामा राखेको छु । यो गौरवको योजनाको निर्माण कार्य शुरु गर्ने गरी रु ८० लाख विनियोजन गरेको छु ।

<u>खानेपानी</u>

17. आधारभुत खानेपानी नपुगेको गाउँवस्तीमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तरता दिएको छु ।एक घर एक धारा कार्यक्रमलाई समेत अगाडि बढाउने व्यवस्था गरेकोछु ।निर्माणाधीन भगवतीमा संचालित क्रमागत खानेपानी आयोजनालाई सम्पन्न रु ४५ लाख वजेट विनियोजन गरेकोछु ।

<u>ऊर्जा विकास</u>

18. पेट्रोलियम पदार्थको प्रयोगलाई प्रतिस्थापन गर्न जलक विधुत तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोग बढाउन जोड दिएको छ । उज्यालो गाउँपालिका बनाउने हाम्रो सरकारको प्रतिवद्धतालाई पूरा गर्न सार्वजनिक,निजी,सहकारी र सामुदायिक क्षेत्रको सह-लगानीमा ऊर्जाको उत्पादन,वितरण र व्यवस्थापनमा जोड दिईनेछ ।
19. रघुगंगा गाउँपालिका उज्यालो गाउँपालिका घोषणालाई साकार पार्न आगामी आर्थिक वर्षमा राष्ट्रिय प्रशारण लाइन तत्काल पुर्याउन नसकिने तथा हाल सम्म बत्ती बाल्न आधुनिक उर्जाको पहुँच नपुगेका ठाउँ र घरधुरीको यथार्थ विवरणका आधारमा उपयुक्त कार्ययोजना बनाई अगाडि बढिनेछ । वगरखोला लघुजलविधुत योजना र कोटगाउँ विधुतीकरण योजनाको कार्यान्वयनका लागि रु १२ लाख वजेट विनियोजन गरेको छु ।

<u>शहरी विकास</u>

20. आधुनिक सभ्यताको मानक नै सुविधायुक्त शहर भएको तथा मुलुकको विकासको स्वरुप शहरी पूर्वाधारबाटै प्रतिविम्वित हुने यथार्थलाई ध्यान दिदै शहरी विकास तर्फको कार्यक्रम प्रस्ताव गरेको छ । यसका लागि पूर्वाधार सहितको व्यवस्थित शहर र बस्ती विकासका कार्यक्रम सञ्चालन गरिनेछ । आगामी आर्थिक वर्ष नमुनाका रुपमा पूर्वाधार सहितको वस्ती विकास गर्न झीं गाउँ वहृत सुधार योजनाका लागि रु १६ लाख पचास हजार रुपैया बजेटको व्यवस्था मिलाएको छ ।
21. गाउँपालिकाको केन्द्रमा विकास भैरहेको जग्गा व्यवस्थापन कार्यलाई निरन्तरता दिन रु १० लाख बजेटको व्यवस्था मिलाएको छु ।

<u>पर्यटन</u>

22. गाउँपालिका भित्रका ऐतिहासिक,सांस्कृतिक,धार्मिक,पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान,संरक्षण,प्रवर्दन एवं प्रचार प्रसार मार्फत स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्न पर्यटकलाई अतिथिको रुपमा सम्मान गर्ने अतिथिदेवो भव:अभियानलाई थप प्रभावकारी गराईनेछ ।
23. उच्च आर्थिक वृद्धि,उत्पादेक रोजगारी र आयको वितरणलाई तत्काल टेवा पुर्याउने प्रतिस्पर्धी क्षेत्रको रुपमा अथाह बोकेको पर्यटन क्षेत्रको विकासलाई मैले जोड दिएको छु । रघुगंगा गाउँपालिकालाई आकर्षक,मनोरम र साहसिक पर्यटकीय गन्तव्यको रुपमा पहिचान स्थापित गराउने धवलागिरी आइसफल,धवलागिरी सेन्चुरीमार्ग,झी टोड्के,रुईसे,मालिका मन्दिर,वेगखोलाको लामो पुल,भगवती मन्दिर,रानीपौवा,दर्मिजा तातोपानीकुण्ड,मण्डलीथान,रिखार मन्दिर लगायतको व्यापक प्रचारप्रसार तथा व्यवस्थापनका गरिनेछ । झी टोड्के पर्यटन प्रवर्दन योजना,धवलागिरी आइसफल पदमार्ग निर्माण तथा वेग बादुक झोलुङ्गे पुल पदमार्ग निर्माण समेतका लागि रु ७५ लाख विनियोजन गरेको छु । गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको विस्तृत योजना प्रतिवेदन तयार गर्न समेत आवश्यक वजेट मिलाएको छु ।साथै गाउँपालिका भित्र सञ्चालित होमस्टेको प्रवर्दन कार्यक्रम गरिनेछ ।

<u>कृषि क्षेत्र</u>

24. नागरिकको खाद्य अधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न,ठुलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृदृधि गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण,विशिष्टीकरण र व्यवसायीकरण जरुरी छ । यसका लागि उन्नत बीउविजन,मलखादको व्यवस्था तथा सिचाईको प्रवन्ध गर्दै उन्नत खेती र उच्च मूल्यका बालीको विकास गर्न वजेटको व्यवस्था गरेकोछु ।
25. अर्गानिक कृषि उपजको उत्पादन र उपभोग बढाउन विषादी रहित खाद्यान्न उत्पादन र उपभोग गर्ने संस्कृतिको विकास गर्न कृषक तथा उपभोक्तालाई उत्प्रेरित गर्न एक वार्ड एक अर्गानिक नर्सरी योजना रु ४३ लाख वजेट विनियोजन गरेको छु ।

<u>सहकारी</u>

26. सहकारी क्षेत्रको नियमन र पुँजी परिचालनको माध्यमबाट सहकारी क्षेत्रलाई वित्तिय उत्प्रेरकका रुपमा विकास गरी स्थानीय अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रुपमा विकास गर्ने व्यवस्था मिलाएकोछु ।गाउँपालिका भित्रका सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्न सहकारी वित्तिय विश्लेषण कार्यक्रमका लागि रु २ लाख बजेट विनियोजन गरेको छु ।

<u>वन,वातावरण र विपद व्यवस्थापन</u>

27. जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन,वन्यजन्तु,पंक्षी,वनस्पति तथा जैविक विविधताको संरक्षण,संवर्दन र दिगो उपयोग सम्वन्धी कार्यक्रमका लागि वजेट विनियोजन गरेको छु ।

28. विपद वाजा बजाएर वा पूर्व सूचना दिएर आउने कुरा हैन र यो कति वेला कहाँ कसरी जान्छ भन्ने पनि निश्चित हुँदैन भन्ने कुरा थाहाँ भएपनि जति वेला पर्छ त्यति वेला टर्छ भन्ने हाम्रो धारणाले विपद निराकरण हुन सकेको छैन । यस्तो अवस्थामा प्राकृतिक प्रकोपको मर्मलाई जुधेर हैन,बुझेर काम गरेमा मात्र विपदको नियन्त्रण तथा न्यूनीकरणमा ठूलो सहयोग पुग्दछ । यसका लागि राहत उद्धारका रु ६ लाख र छुट्टै विपद व्यवस्थापन कोषमा रु १५ लाख वजेट विनीयोजन गरेको छु ।

<u>शिक्षा,युवा तथा प्रविधि</u>

29. आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु । शिक्षालाई प्राविधिक,व्यवसायिक तथा रोजगारमूलक बनाउँदै सक्षम,नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेट मिलाएको छु ।
30. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण,मर्मत सम्भार,सञ्चालन र व्यवस्थापन गर्न आवश्यक वजेट विनियोजन गरेको छु । सामुदायिक विद्यालयमा शैक्षिक सुशासन कायम गर्न सम्वन्धित वडाको वडाध्याक्ष संग जोडेर वडाअध्यक्ष शिक्षा प्रर्वदन कार्यक्रमका लागि रु १२ लाख वजेट विनियोजन गरेको छु । वडा नं.०३ मा विद्यालय सुधार योजनाका लागि रु १७ लाख,जनता मावि दग्नामको पूर्वाधार निर्माणका लागि रु २५ लाख त्यसैगरी महेन्द्र मावि झीका लागि रु १० लाख र रितुङ मावि पुर्वाधार योजनाका लागि रु ३० लाख वजेट विनियोजन गरेको छु ।
31. आगामी आर्थिक वर्ष समेत अन्तर-माध्यमिक विद्यालय राष्ट्रपति रनिङशिल्ड प्रतियोगता संचालन,आधारभूत तहको परीक्षा सञ्चालन,अनुगमन तथा व्यवस्थापन समेतका लागि रु ७ लाख बजेट विनियोजन गरेको छु ।साथै प्रारम्भिक वाल विकास केन्द्रका सहयोगी कार्यकर्तालाई दिदै आएको रु २००० प्रोत्साहन भत्ता निरन्तरता दिनका लागि आवश्यक वजेट विनियोजन गरेको छु । साथै सामुदायिक विद्यालयहरुमा कार्यरत कार्यालय सहयोगीहरुको प्रोत्साहन स्वरुप मासिक भत्ता रु १००० प्रदान गर्ने व्यवस्थाका लागि आवश्यक वजेटको व्यवस्था मिलाएकोछु ।गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयको प्रध्यानाध्यापकहरुको कार्यसम्पादनमा चुस्तता ल्याई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आधारभूत तहका प्रअ र माध्यामिक तहका प्रहलाई क्रमश; रु ५०० र रु ७५० प्रदान गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
32. विपन्न विद्यार्थी शैक्षिक सामाग्री वितरण,लोकसेवा तयारी कक्षा संचालन तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमका लागि रु १३ लाख रुपैया विनियोजन गरेको छु । विद्यालयमा खुद भर्नादर,टिकाउदर तथा लैगिक सुचकमा उल्लेखनीय सुधार गर्न विद्यालय सुधार योजना तथा गाउँ शिक्षा सुधार योजना निर्माण गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
33. सामुदायक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न विद्यालयको शिक्षक तथा कर्मचारी दरवन्दी,विद्यार्थी संख्या समेतलाई आधार लिई सामुदायिक विद्यालयलाई हाम्रो सरकारले नयाँ अभ्यासका रुपमा शैक्षिक अनुदान प्रदान गर्न आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।
34. युवाको सीप र क्षमतालाई उत्पादनमूलक क्षेत्रमा सहभागी गराउन उद्धमशीलता विकास सम्वन्धी तालिम भगवतीमा संचालन गर्न रु ४ लाख र पिप्लेमा तालिम केन्द्र निर्माण गर्न रु २५ लाख वजेट विनियोजन गरेको छु ।
35. सूचना,संचार र प्रविधिको विकास मार्फत विधुतीय शासनको दिशामा अगाडि बढ्न आवश्यक पर्ने बजेटको प्रवन्ध गरेको छु । गाउँपालिकाका नै फ्रि वाईफाईयुक्त गराउन नमुनाका रुपमा कार्यान्वयन गर्न दर्मिजा वाईफाई जडान गर्न योजनाका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य**

36. विकासको साध्य र साधन दुवै नागरिक नै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पुँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु । सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा आम नागरिकको पहुँचमा पुर्याउन थप ४ वटा स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्न आवश्यक पर्ने वजेट रु ३ लाखको व्यवस्था मिलाएको छु ।
37. स्वस्थ नागरिक,स्वस्थ समाज,स्वस्थ जीवन र त्यसका लागि स्वस्थ उत्पादन र स्वस्थ उपभोग गर्ने बानी विकास गर्न सामाजिक जागरण ल्याईनेछ । महिला प्रजनन स्वास्थ्य तथा सरसफाई तथा संस्थागत सुत्केरी उपाध्यक्ष उपहार कार्यक्रमका समेतका लागि रु १० लाख बजेटको व्यवस्था गरेको छु ।
38. गाउँपालिका भित्रका स्वास्थ्य सेवा प्रदायक संस्थाबाट प्रदान गर्न तोकिएका आधारभूत स्वास्थ्य सेवा भरपर्दो,सर्वसुलभ र गुणस्तरीय बनाउन औषधि खरिद तथा पोषण सुधार कार्यक्रमका लागि रु १६ लाख विनियोजन गरेको छु ।
39. महिला स्वास्थ्य स्वयंमसेविकाहरुले गाउँपालिकाको आधारभूत स्वास्थ्य,सरसफाइ तथा पोषणसम्वन्धी क्षेत्रमा गरेको उल्लेखीय कार्यको उच्च मूल्यांकन गर्दै उहाँहरुले प्राप्त गर्दै आएको प्रोत्साहन भत्ता लाई निरन्तरता दिन रु १० लाख ४० हजार विनियोजन गरेको छु ।

**सामाजिक संरक्षण र नागरिक संरक्षण**

40. आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकलाई सुरक्षा प्रदान गर्न तथा सभ्य र लोककल्याणकारी शासन व्यवस्था मार्फत मर्यादित जीवन र सुरक्षित भविष्यका लागि सामाजिक सुरक्षा आवश्यक भएकाले यसलाई स्थानीय सरकारले समेत विशेष चासोका साथ लिनेछ ।
41. आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरुमा सवै नागरिकहरुको पहुँचबाट सवल समाज निर्माण गर्न सामाजिक सुरक्षा भत्ता पाईरहेका विपन्न नागरिक लाई सम्मान तथा वस्तुगत सहायता वितरण,सुकुम्वासी व्यवस्थापन,सामुदायिक विद्यालय संग गाउँगालिका अध्यक्ष कार्यक्रम,विपन्न कृषक प्रवर्दनात्मक कार्यक्रम लगायतका कार्यक्रम संचालन गरी हाम्रो सरकारको जनतामाझ वलियो उपस्थिति देखाउन गाउँपालिका अध्यक्ष सामाजिक संरक्षण,सुरक्षा तथा वचाउ /SSP कार्यक्रमका लागि रु ४३ लाख विनियोजन गरेको छु ।
42. महिला,बालवालिका,अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकका लागि विशेष कार्यक्रम संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

**संस्कृति**

43. स्वस्थ र सभ्य संस्कृतिको विकास गरी समाजिक सु सम्वन्धमा आधारित समाजको निर्माण गर्न धर्म,संस्कृति,संस्कार,प्रथा,परम्परा,प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद,शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गरिनेछ ।
44. गाउँपालिका भित्र रहेका प्राचीनकला,साहित्य र संस्कृति विशिष्ट पहिचानका रुपमा रहेका छन । यसर्थ सामाजिक र सांस्कृतिक रुपले हाम्रो समाज जीवित संग्रहालय हो । त्यसैले संस्कृतिको साझा सुन्दर फुलवारीको रुपमा रहेको हाम्रो समाजको तस्विर झल्काउन र अन्तर संस्कृतिको सम्मान गर्न गाउँपालिका केन्द्रमा सांस्कृतिक संग्राहालय स्थापना गरिनेछ ।जहाँ बाट सवैभाषी,धर्म,भूगोल र जनजातिका मानिसलले आफ्नोपन र सह्यताको अनुभूति समेत गर्न सक्नेछन ।

45. आफ्नो नागरिकताको राज्य वा भूमि भन्दा अर्को राज्य तथा भूमिमा आश्रय खोज्ने हाम्रो नेपाली संस्कृति र प्रवृत्तिलाई अन्त्य गर्न एकिकृत वस्ती विकासको अवधारणा अघि लिईनेछ ।

<u>सुशासन र सार्वजनिक सेवा प्रवाह</u>

46. शासकीय स्वच्छता र सुशासन प्रवर्दनलाई प्राथमिकतामा
राखी सवै क्षेत्रमा सदाचार पद्धति अवलम्वन गरिनेछ ।

47. सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा आमूल परिवर्तन गरी संघीय शासन प्रणाली अनुरुपको सोच र कार्य शैलीको विकास गरिनेछ । सार्वजनिक पदाधिकारीहरुको जवाफदेहिता सुनिश्चित गरिनेछ ।

48. कर्मचारी तथा शिक्षकहरुको गाउँपालिका भित्र सरुवा,पुरस्कार,सजाय,वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनमा आधारित बनाइनेछ ।

49. आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा आउने गरी कर्मचारी कल्याण कोष स्थापना गरी वजेटको सुनिश्चितता गर्दै लगिनेछ ।आगामी आर्थिक वर्षका लागि कर्मचारी प्रोत्साहन तथा पुरस्कारका लागि रु चार लाख पचास हजार र कर्मचारी कल्याण कोषका लागि रु १ लाख ५० हजार वजेट विनियोजन गरेको छु ।

50. आगामी आर्थिक वर्ष २०७६/७७ देखि वजेट तयारी,लेखांकन तथा प्रतिवेदन जस्ता कार्य स्थानीय संञ्चित कोष व्यवस्थापन प्रणाली SUTRA शुत्र लागू गरी हाम्रो सरकारको आर्थिक कार्यप्रणाली र प्रशासनिक कामकारवाहीमा सुशासन कायम गरिनेछ ।

51. नेपाल सरकार,प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्था संग सहलगानीमा गाउँपालिकाको पूर्वाधार विकासका लागि समपूरक कोषमा रु ८३ लाख ३१ हजार व्यवस्था मिलाएको छु । साथै गाउँपालिका भित्र सहज यातायात एवं आवतजावत लाई थप व्यवस्थित गर्न समेत भैपरी आउने आपतकालीन पूर्वाधार योजनाका लागि रु ३९ लाख बजेटको व्यवस्था मिलाएकोछु ।

52.

53. आगामी आर्थिक वर्ष २०७६/७७ मा विभिन्न विषय क्षेत्रगत आर्थिक,सामाजिक,पूर्वाधार,वन,वातावरण तथा विपद व्यवस्थापन,सुशासन तथा संस्थागत विकासमा अनुमानित विनियोजन भएको वजेट अनुसूचीमा समावेश गरेको छु ।

सभाका अध्यक्ष महोदय,

गाउँसभाका सदस्यज्यूहरु

अव म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

54. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ३१ करोड ४१ लाख ३१ हजार खर्च हुने अनुमान गरेकोछु । कुल विनियोजन मध्ये चालुतर्फ रु १९ करोड ८३ लाख अर्थात् ६३ प्रतिशत र पुँजीगततर्फ रु ११ करोड ५८ लाख ३१ हजार अर्थात् ३७ प्रतिशत रहेको छ ।

55. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) गाउँपालिकाको विनियोजन विधेयक,२०७६ संगै पेश गरेको छु । त्यस विवरणमा पदाधिकारी र कर्मचारी तलव भत्ता,पानी तथा विजुली महसुल,घर भाडा,करार सेवा शुल्क,सवै कार्यक्रम खर्च,औषधि व्यवस्थापन खर्च,राहत उद्धार खर्च, शैक्षिक संस्थालाई अनुदान जस्ता प्रशासनिक प्रकृतिका चालु खर्चको लागि चालु खर्च शिर्षकमा रु ६ करोड १ लाख विनियोजन गरिएको छ जुन कुल बजेटको १९ प्रतिशत हुन आउँछ जुन रकम चालु आवको तुलनामा रु ९० लाख ७१ हजार कम हो ।आगामी वर्षको वजेटमा सामाजिक सुरक्षा भत्ता समावेश गरिएको छैन ।

56. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ७ करोड ६६ लाख,संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँड रु ७ करोड २ लाख,सशर्त अनुदान रु१३ करोड ८२ लाख,प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु १ करोड २० लाख १२ हजार,प्रदेश राजश्व बाँडफाँड रु ३१ लाख १९ हजार,आन्तरिक राजस्वबाट प्राप्त हुने रु ४० लाख व्यहोर्दा रु १ करोड न्यून हुनेछ । सो न्यून पूर्तिको गर्न चालु आर्थिक वर्षको असार मसान्तसम्म खर्च भई बाँकी रहने अनुमानित नगद मौज्दात रु १ करोड उपयोग गरिनेछ ।

सभाका अध्यक्ष महोदय,

सभाका सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०७६/७७ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु,

57. स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएकोछु ।
58. कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ ।कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छ ।
59. आर्थिक रुपले विपन्न,अशक्त र असहाय अवस्थामा रहेका नागरिक मैत्री कर प्रणाली विकसित गरिनेछ ।
60. गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्वन्धी,आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार सम्वन्धी तथा प्राकृतिक प्रकोप सम्वन्धी सिफारिश दस्तुर छुट गरिनेछ ।
61. जन्म,मुत्यु तथा अन्य व्यक्तिगत घटना सम्वन्धी ऐन,२०३३ बमोजिम बढीमा रु ५० सेवा शुल्क लिने व्यवस्था मिलाएको छ ।
62. रोडा,ढुङ्गा,गिटी,बालुवा,चुनढुङ्गा लगायतका दहत्तर बहत्तर शुल्क,विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी ग-४-२ बाँडफाँट खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
63. गाउँपालिका भित्रका व्यापारिक र व्यावसायिक प्रकृतिका मनोरञ्जनका महोत्सव,उत्सव तथा मेला आदिमा मनोरञ्जन करको व्यवस्था मिलाईनेछ ।
64. गाउँपालिका भित्रमा सम्पत्ति कर वि.सं.२०७६ साल श्रावण १ देखि लागू गरिनेछ ।
65. गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसाय करको दायरामा लिईनेछ ।
66. कर सम्वन्धी प्रस्ताव आर्थिक विधेयक,२०७६ यसै साथ प्रस्तुत गरेको छु । कर सम्वन्धी प्रस्ताव सम्वत २०७६ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएकोछु ।

सभाका अध्यक्ष महोदय,

सभाका सदस्यज्यहरु,

67. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताद्वारा शासनको चरितार्थ गरी जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हाम्रो सरकार पूर्ण प्रतिवद्ध छ ।

68. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष,गाउँसभाका सदस्यहरु,विभिन्न राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी,निजी क्षेत्र,सहकारी क्षेत्र र नागरिक समाजका व्यक्तित्वहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव,सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु ।
69. यो बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।साथै,मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई समृद्ध रघुगंगा,सुखी रघुगंगावासी निर्माणको हाम्रो सरकारको महान यात्रामा सहभागी हुन आव्हान गर्दछु ।

धन्यवाद!

जय रघुगंगावासी!
जय रघुगंगा गाउँपालिका!

कमला तिलिजा
रघुगंगा गाउँपालिका